प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३, मकवानपुर, हेटौंडा

## विद्यालय भवन निर्माण अभियान कार्यक्रम सम्बन्धी सम्झौता पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) र श्री ............... ............. ............ ............... ............... .............. ......... वार्ड नं. .......... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच आ.ब. २०७५/०७६ को विद्यालय भवन निर्माण अभियान कार्यक्रम अन्तरगत तपसिलका शर्तहरु पालना गर्ने गरी गरिएको सम्झौता–पत्र । यो सम्झौताको अवधि कार्यक्रम तथा नीतिगत रुपमा हेरफेर नभएमा आ.व. २०७५/७६ सम्म कायम रहनेछ ।

प्रथम पक्ष ( शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर ) ले पालना गर्नुपर्ने शर्तहरु ः

१. विद्यालय भवन निर्माण अभियान कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. २०,००,०००। (वीस लाख ) सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्नेछ ।

२. विद्यालय भवन निर्माण कार्य गर्न विनियोजित लागत रकमको ३० प्रतिशत रकम सम्झौता भए पछि पहिलो किस्तामा, कामको प्रगतिको आधारमा प्राविधिकको सिफारिस अनुसार ४० प्रतिशत रकमसम्म दोस्रो किस्तामा र बाँकी ३० प्रतिशत रकम कार्य सम्पन्न भएपछि तेस्रो किस्तामा निकासा दिइनेछ ।

३. प्रथम किस्ता निकासा भएको मितिले ३ महिना भित्र कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरी निकासा भएको रकम फिर्ता /असुल उपर गर्न सकिनेछ ।

४. विद्यालय भवन निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन तथा खरिद कार्य प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन आवश्यक समन्वय, सहयोग र अनुगमन गर्ने ।

५. तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरे वा निर्माण कार्य अधुरो रहेमा प्रथम पक्षले प्रचलित नियम कानुन अनुसार दोश्रो पक्षलाई निर्माण कार्य सम्पन्न गर्न गराउन सचेत गर्नुका साथै आवश्यक कानूनी प्रकृया अगाडि बढाउने र रकम असुल उपर समेत गर्न सकिनेछ ।

दोश्रो पक्ष (विद्यालय) ले पालना गर्नुपर्ने शर्तहरुः

१. विद्यालय भवन निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन पर्नेछ ।

२. विद्यालय भवन निर्माण सम्बन्धी प्राविधिक कार्य सम्बन्धित स्थानीय तह वा सरकारी निकायका प्रविधिक (इन्जिनियर / सवइन्जिनियर) बाट गराउनु पर्नेछ ।

३. विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्ने क्रममा यस निर्देशनालयबाट निकासा हुने कूल रकम नपुग हुन आएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी (जनश्रमदान वा नगद लागत) स्वंयम् विद्यालयको हुनेछ ।

४. विद्यालयको भवन निर्माण सम्बन्धी स्वीकृत नक्सा, ड्रइङ, डिजाइन र कार्ययोजना अनुसारका अन्य कार्यहरु कुनै हालतमा पनि विद्यालयको तर्फबाट परिवर्तन गर्न पाइने छैन ।

५. तोकिएको मापदण्ड विपरित वा खटिएका प्राविधिकहरुको निर्देशन र प्राविधिक सुझाव विपरित निर्माण कार्य गरेमा प्रचलित नियमानुसार वीचैमा प्रथम पक्षले सम्झौता रद्ध समेत गर्न सक्नेछ ।

६. सामाजिक विकास मन्त्रालय, निर्देशनालय, सम्वन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरुबाट समेत अनुगमन/निरीक्षण हुनसक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्नेछ।